ग. लामा प्रश्नहरू (Long Questions)

१. सहकारी आधुनिक समाजको एक अभिन्न अंग वनिसकेको छ । यसै सन्दर्भ सँग जोड्दै समाजमा सहकारीको आवश्यकताका बारेमा स-विस्तार उल्लेख गर्नुहोस् ।

२. सहकारीका सबल र दुर्वल पक्षहरूको बारेमा विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

३. नेपालमा सहकारी ऐन अनुसार सहकारीका विशेषताहरूलाई स-विस्तार व्याख्या गर्नुहोस् ।

४. सहकारीका सिद्धान्त तथा आधारभूत मूल्यहरूको व्याख्या गर्नुहोस् ।

५. सहकारी व्यवस्थापनको वातावरणका बारेमा व्याख्या गर्दै नागरिक समाज र सहकारी आन्दोलनका विषयमा प्रष्ट पार्नुहोस् ।

६. नेपालमा सहकारीहरूको वर्गीकरण कसरी गरिएको छ उल्लेख गर्नुहोस् ।

७. सहकारीको अर्थ उल्लेख गर्दै नेपालमा यसको विकासक्रमको बारेमा चर्चा गर्नुहोस् ।

२

अध्याय

# सहकारी संस्था दर्ता, विघटन तथा खारेजी

## (Registration, Dissolution and Revocation of Co-operative)

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारी संस्थाको गठन गर्दा आवश्यक पर्ने विषयवस्तुहरूका बारेमा,*
- *सहकारी संस्थाको दर्ता प्रक्रिया सम्बन्धमा,*
- *सहकारी संस्थाको एकीकरणका गर्ने प्रक्रियाका बारेमा,*
- *सहकारी संस्थाको विघटन तथा खारेजीका बारेमा,*
- *सहकारी संस्था तथा संघको कार्य क्षेत्रका सम्बन्धमा ।*

## परिचय
## Introduction

नेपालको संविधान २०७२ को अनुसूचीहरू ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरणमा संघ, प्रदेश र स्थानीय तहमा सहकारी संस्था दर्ता, खारेजी र विघटन गर्न सक्ने व्यवस्था भएको हुनाले सहकारी संस्था दर्ता, खारेजी र विघटन लगायतका संस्थापकीय कार्यहरू सरकारका तीनवटै तहवाट हुने व्यवस्था गरिएको छ (नेपालको संविधान,२०७२,असोज)। यही व्यवस्था अनुसार सहकारी संस्थाको दर्ता, खारेजी र विघटन समेतका सहकारी नियामक कार्यहरूमा संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारको सीमाङ्कन देहायबमोजिम व्यवस्था गरिएको छ :

क. स्थानीय तह: स्थानीय तहसम्म कार्यक्षेत्र भएका संस्थाहरू,

ख. प्रदेश: एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका संघ संस्थाहरू र

ग. संघ: एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका संघ संस्थाहरू।

संक्षेपमा स्थानीय तहसम्म कार्यक्षेत्र भएका संस्थाहरू स्थानीय तहको, एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका संघसंस्थाहरू प्रदेश सरकारको र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका संघसंस्थाहरू सङ्घीय सरकारको नियमन क्षेत्राधिकार भित्र राखिएको छ।

## कानुनी व्यवस्था
## Legal Provision

स्थानीय तहमा सहकारी संस्थाको दर्ता, नियमन लगायतका कार्य गर्नका लागि गाउँ सभा वा नगर सभाले आफ्नै सहकारी ऐन वनाउने र प्रदेश सभाले प्रदेश सहकारी ऐन बनाई सोही ऐन अनुसार सहकारी संस्था दर्ता लगायतका कार्यहरू गर्न सक्ने संबैधानिक व्यवस्था नेपालको संविधान २०७२को धारा ५७ को उपधारा ६ मा व्यवस्था भए अनुरूप सहकारी संस्थाको दर्ता, नियमन लगायतका कार्य सरकारका तीनवटै तहबाट सुरू भएको छ ।

साथै प्रदेश र स्थानीय तहको कानुन नबनेसम्म स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाहरूको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू प्रदेश सरकारले



गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी सहकारी ऐन २०७४ बमोजिम सम्पादन गर्ने व्यवस्था गरिएको छ । सो कार्य सम्पादन गर्नको लागि रजिष्ट्रारले प्रयोग गर्ने सम्पूर्ण अधिकारहरू स्थानीय तहको हकमा सम्बन्धित स्थानीयतहको कार्यपालिकाले तोकेको अधिकारी र प्रदेशको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले प्रयोग गर्नेछन् ।

संक्षेपमा स्थानीय तह र प्रदेश सरकारले सहकारी नियमनका लागि मन्त्रालयको नमुना अनुसार भिन्नै ऐन बनाएर लागु गर्न सक्नेछन् र सो ऐन नबने सम्म सहकारी ऐन, २०७४ अनुसार काम गर्न सकिने व्यवस्था गरिएको छ ।

## सहकारी संघ/संस्थाको गठन
## Formation of Co-operative Organization

सहकारी संस्थाहरूको गठन सहकारी ऐन २०७४ अनुसार विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था वा तिनीहरूका जिल्ला, प्रदेश र केन्द्रीय तहका संघहरू स्थापना गर्न पाईने व्यवस्था अनुसार निम्न अनुसारका सहकारी संस्थाहरू गठन हुन सक्छन् ।

**क. सहकारी संस्थाको गठन (Formation of Co-operative Organization)**

सहकारी ऐन २०७४ को दफा ३(१) अनुसार कम्तिमा तीसजना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् । त्यसैगरी ३(२) अनुसार श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यावसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सकिने व्यवस्था ऐनमा गरिएको छ ।

त्यसैगरी दफा ३(३) महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तिमा एक सयजना नेपाली नागरिकहरूको सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी दफा ३(५) मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालन भएका विद्यालय, विश्वविद्यालय वा सङ्गठिन संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तिमा एक सयजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानुन बमोजिम दर्ता भएको आफ्नो पेशागत

सङ्गठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त र बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सकिने व्यवस्था ऐनमा गरेको छ । तर एक सयजना भन्दा कम सङ्ख्या रहेको एउटै कार्यालयमा कम्तिमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त र बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सकिने व्यवस्था गरेको छ ।

त्यसैगरी सहकारी संस्थाहरूलाई आफ्नो व्यावसायको विकास, तथा बजारिकरण लगायतका कार्यमा टेवा पुऱ्याउन विभिन्न जिल्ला सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रीय सहकारी संघ र केन्द्रीय सहकारी महासंघ जस्ता संघहरू गठन गर्न सक्ने व्यवस्था गरेको छ जसलाई निम्न अनुसार व्याख्या गरिएको छ:

**ख. जिल्ला विषयगत सहकारी संघ (District Sectoral Co-operative Association)**

सहकारी ऐन २०७४ को दफा ४ मा जिल्ला विषयगत सहकारी संघ गठनको व्यवस्था गरिएको छ। सहकारी व्यावसायको विकास, प्रबर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १५ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा एघारवटा संस्थाहरू आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् तर नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तिमा छवटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरेको छ । जिल्ला विषयगत सहकारी संघले जिल्ला भित्रका आफ्ना विषयका प्रारम्भिक संस्थाहरूको विकास र प्रबर्द्धनका लागि देहायका कामहरू गर्नुपर्ने छ:

१. व्यावसाय प्रबर्द्धनका लागि समन्वयको भूमिका निर्वाह गर्ने,
२. बजारको खोजी गरी सदस्य संस्थाहरूलाई सूचना प्रवाह गर्ने,
३. वस्तु तथा सेवाको उत्पादनमा प्राविधिक सेवा उपलब्ध गराउने,
४. संस्थाहरूमा स्वअनुशासन कायम गराउन अनुगमन गरी सुधारका लागि सुझाव गर्ने,
५. माथिल्ला संघहरूमा आबद्ध हुने र प्रतिनिधित्वलाई प्रभावकारी बनाउने,



६. सदस्य संस्थाहरूमा सहकारी शिक्षा र सूचनाको प्रवर्द्धन गर्ने,
७. जनचेतना अभिबृद्धि गर्न स्थानीय तहमा सहकारी जागरणका कार्यक्रम सञ्चालन गर्ने,
८. संस्थाहरूका समस्याहरू समाधान गर्न गराउन पहल गर्ने,
९. संस्था सञ्चालनमा देखिने कमजोर पक्षहरूमा सुधारका लागि नेतृत्व लिने,
१०. विषयगत केन्द्रीय सहकारी संघलाई सहकारी क्षेत्रको विकास लागि राय दिने र
११. आधारभूत तथा पूर्व सहकारी शिक्षा सम्बन्धी तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**ग. जिल्ला सहकारी संघ (District Co-operative Association)**

सहकारी ऐन २०७४ को दफा ५ मा जिल्ला सहकारी संघ गठनको व्यवस्था गरिएको छ । सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १५ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा पन्ध्रवटा प्रारम्भिक संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् तर नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तिमा सातवटा प्रारम्भिक संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरिएको छ । यसरी संघ गठन गर्दा दर्ता भएका जिल्लाभरिका पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघहरू समावेश भएको हुनुपर्ने छ । जिल्ला सहकारी संघले जिल्ला भित्रका सबै प्रारम्भिक संस्थाहरूको विकास र प्रवर्द्धनका लागि देहायका कामहरू गर्नुपर्ने छ:

१. सहकारी संस्थाहरू बीच एकताको भावना विकास गर्ने,
२. राष्ट्रिय सहकारी दिवस मनाउन जिल्ला तहमा संयोजन गर्ने,
३. जिल्ला भित्र रहेका सबै सहकारी संस्थाहरूलाई सदस्यता विस्तार गर्ने,
४. राष्ट्रिय सहकारी महासंघमा सदस्यता लिई सहकारीको नेतृत्व विकासमा योगदान पुऱ्याउने,
५. पूर्व तथा आधारभूत सहकारी शिक्षा सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने,

६. राष्ट्रिय सहकारी महासंघलाई सहकारी क्षेत्रको विकास लागि आवश्यक सल्लाह दिने,
७. सहकारी प्रति जनचेतना अभिबृद्धि गर्न स्थानीय स्तरमा विभिन्न वर्ग र समुदायका बीच पुग्ने गरी सहकारी जागरणका कार्यक्रमहरू सञ्चालन गर्ने,
८. सहकारी संस्थाहरूको हित प्रवर्द्धन गर्न जिल्ला तहको सहकारी छाता सङ्गठनको रूपमा समग्र नेतृत्व वहन गर्ने,
९. सहकारीका मूल्यहरू र सिद्धान्तहरूको प्रवर्द्धन गर्ने,
१०. जिल्ला तहमा सहकारी संजाल निर्माण गरी समन्वयात्मक ढंगले सहकारीको विकासमा सरकारी, सहकारी, निजी क्षेत्र र गैर सरकारी सहयोगी संस्थाहरू वीच समन्वयको भूमिका निर्वाह गर्ने,
११. जिल्ला तहमा सहकारी सूचना व्यवस्थापन र प्रशारणको व्यवस्था मिलाउने,
१२. संस्थाहरू वीचका समस्याहरू समाधान गर्न मध्यस्थताको भूमिका निर्वाह गर्ने,
१३. संस्थाहरू वीच देखिने अस्वस्थ प्रतिस्पर्धा न्यून गर्न पहल गर्ने र
१४. स्वस्थ र सक्षम सहकारी संस्थाहरूको विकासका लागि मर्जरका कार्यक्रम सञ्चालन गर्ने ।

**घ. प्रदेश विषयगत सहकारी संघ (Provincial Sectoral Co-operative Association)**

सहकारी ऐन २०७४ को दफा ६ मा प्रदेश विषयगत सहकारी संघ गठनको व्यवस्था गरिएको छ । सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १५ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा पाँचवटा जिल्लाका पच्चीसवटा प्रारम्भिक विषगगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी संघहरू आपसमा मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् । यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेशभरिका पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघहरू समावेश हुनुपर्ने छ ।

**ङ. प्रदेश सहकारी संघ (Provincial Co-operative Association)**

सहकारी ऐन २०७४ को दफा ७ मा प्रदेश सहकारी संघ गठनको व्यवस्था गरिएको छ । सहकारी व्यावसायको बिकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १५ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा पाँचवटा जिल्लाका एकतीसवटा प्रारम्भिक सहकारी संस्थाहरू वा जिल्ला सहकारी विषयगत संघहरू वा जिल्ला सहकारी संघहरू वा प्रदेश विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी संघ गठन गर्न सक्नेछन् । यसरी संघ गठन गर्दा प्रदेशभरि दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी संघहरू समावेश भएको हुनुपर्ने छ ।



**च. केन्द्रीय विषयगत सहकारी संघ (Central Sectoral Co-operative Association)**

सहकारी ऐन २०७४ को दफा ८ मा केन्द्रीय विषयगत सहकारी संघ गठनको व्यवस्था गरिएको छ। सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १५ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा सातवटा जिल्लाका एकाउन्नवटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी संघहरू वा विषयगत प्रदेश सहकारी संघहरू मिली आफ्नो विषयको केन्द्रीय विषयगत सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरिएको छ तर त्यसरी संघ गठन गर्दा विषयगत जिल्ला सहकारी संघहरू वा विषयगत प्रदेश सहकारी संघहरू प्रत्येकको पचास प्रतिशतभन्दा बढी संघहरू समावेश गरिएको हुनुपर्ने छ । विषयगत केन्द्रीय सहकारी संघहरूले आफ्नो विनियमको अधीनमा रही सम्वन्धित संघसंस्थाहरूको विकास तथा प्रबर्द्धनका लागि देहायका कामहरू समेत गर्नुपर्ने छः

१. सहकारीका मूल्य र सिद्धान्तहरू तथा प्रचलित कानुन र विभागबाट जारी हुने मापदण्डहरूको कार्यान्वयनका लागिं आफ्ना सदस्य संघ तथा संस्थाहरूलाई उत्प्रेरित गर्ने,
२. सदस्य संघ तथा संस्थाहरूको अनुगमन गरी स्वनियमनको अभ्यास गराउने,
३. सहकारी क्षेत्रको विषयगत र समष्टिगत नीति निर्माणमा सरकारका सम्बद्ध निकायरूलाई सुझाव दिने,

४. संघ तथा संस्थाहरूमा उत्पन्न हुने विवाद समाधान गर्न मध्यस्थताको काम गर्ने,

५. संघ तथा संस्थाहरूको क्षमता अभिबृद्धि, सहकारी उत्पादनको बजारिकरण, र आवश्यक प्रविधि/प्राविधिक सेवा उपलब्ध गराउन समन्वय र सहजकर्ताको भूमिका निर्वाह गर्ने,

६. आपसी सहकारी सहयोगका कार्यक्रमहरू सञ्चालन गर्ने,

७. सहकारी शिक्षा र सूचना सम्प्रेषणका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने,

८ विषय सँग सम्बन्धित प्रारम्भिक सहकारी संस्थाहरूको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य पदाधिकारी कर्मचारीहरूमा सहकारी सिद्धान्त र मूल्यहरूको ज्ञान अभिबृद्धि गर्न, संस्था सञ्चालनका लागि आवश्यक पर्ने व्यवस्थापन क्षमता र लेखा राख्ने तथा परीक्षण गर्ने सीप अभिबृद्धि गर्न तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्न अनिवार्य रूपमा विभिन्न अवधिका तालिमहरू सञ्चालन गर्ने र

९. सहकारी क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार तथा उपयोग गर्ने ।

**छ. राष्ट्रिय सहकारी महासंघ (Federation of National Co-operatives)**

राष्ट्रिय सहकारी महासंघ सहकारी ऐन २०७४ को दफा १० अनुसार सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको आधारमा सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने, गराउने लगायतका कार्य गर्न देहाय बमोजिमका संस्था वा संघहरूले आपसमा मिली राष्ट्रिय सहकारी महासंघ गठन गर्न सक्नेछन् ।

१. जिल्ला विषयगत सहकारी संघ अन्तर्गतका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघ,

२. जिल्ला सहकारी संघ अन्तर्गतका पचास प्रतिशतभन्दा बढी जिल्ला सहकारी संघ,

३. प्रदेश विषयगत सहकारी संघ अन्तर्गत गठन भएका पचास प्रतिशतभन्दा बढी प्रदेश विषयगत सहकारी संघ,



४. प्रदेश सहकारी संघ अन्तर्गत गठन भएका पचास प्रतिशतभन्दा बढी प्रदेश सहकारी संघ,

५. केन्द्रीय विषयगत सहकारी संघ अन्तर्गत गठन भएका पचास प्रतिशतभन्दा बढी केन्द्रीय विषयगत सहकारी संघ।

राष्ट्रिय सहकारी संघले आफ्नो विनियमको अधिनमा रही सहकारी क्षेत्रको विकास र प्रबर्द्धनमा केन्द्रित रहँदै देहायका कामहरू समेत गर्नुपर्ने छः

१. सहकारी सम्वन्धी नीति तथा योजना निर्माणमा सरकारलाई सहयोग पुऱ्याउने,

२. सहकारीका क्षेत्रमा बनेका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न गराउन सहकारी संघ तथा संस्थाहरूलाई क्रियाशील बनाउने,

३. केन्द्र, प्रदेश, जिल्ला सहकारी संघ र विषयगत संघहरूको समन्वय एवम् क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,

४. अन्तर्राष्ट्रिय क्षेत्रमा सहकारी सम्बन्ध विस्तार गर्ने,

५. सहकारीको आचारसंहिता तर्जुमा गरी लागु गर्ने र सो को अनुगमन गर्ने,

६. सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने,

७. सहकारी क्षेत्रको विकासका लागि रचनात्मक ढंगले पैरवी गर्ने,

८. संघ तथा संस्थाहरू वीच समन्वयको भूमिका निर्वाह गर्ने,

९. जनचेतना अभिबृद्धिका लागि सहकारीका सूचना र सन्देशमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

१०. सहकारी क्षेत्रमा विद्यमान विसँगति र विकृतिहरू न्यून गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने र

११. सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको प्रबर्द्धन गर्ने।

**ज. विशिष्टीकृत सहकारी संघ (Specialized Co-operative Association)**

विशिष्टीकृत सहकारी संघमा दफा १५ बमोजिम दर्ता भएका कम्तिमा पच्चीसवटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरू आपसमा मिली जलविद्युत् आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार,

अस्पताल, शिक्षालय, प्राविधक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टीकृत सहकारी संघको गठन गर्न सक्नेछन् । यो पूर्ण रूपले व्यावसायिक संस्था हुनेछ । यसलाई कुनै संघ, महासंघमा चुन्ने र चुनिने अधिकार रहने छैन ।

विशिष्टीकृत सहकारी संघ गठन गर्दा देहायका सर्त तथा बन्देजहरू पूरा भएको हुनुपर्ने छः

१. आवेदक संस्थाहरूको संयुक्त सेयर पुंजी कम्तिमा रू. पन्ध्र करोड हुनुपर्ने छ ।
२. आवेदक सस्थाहरूको संयुक्त संस्थागत पुंजी रू. तीन करोड हुनुपर्ने छ ।
३. आवेदित संस्थाहरूले खरिद गरेको संघको सेयर पुंजी कम्तिमा रू. एक करोड हुनुपर्ने छ ।
४. आवेदक संस्थाहरू घाटामा गएको हुन नहुने ।
५. उपनियम (१) को खण्ड (ग) बमोजिम आवेदक संस्थाहरूले खरिद गर्ने सेयरको रकम संस्थाको प्राथमिक पुंजी कोष र बचतको अनुपात कम्तिमा एक बराबर पन्ध्र कायम गरी जगेडा कोष र सेयर पुंजी कोषवाट मात्र खरिद गर्नुपर्ने छ ।

विशिष्टीकृत सहकारी संघको सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः

१. जुन उद्देश्यका लागि सो सहकारी संघ गठन भएको हो सोहि कार्य मात्र गर्नुपर्ने,
२. विशिष्टीकृत सहकारी संघको कारोबार, व्यावसाय, उद्योग वा परियोजना सञ्चालन गर्दा पूर्व प्रचलित कानुन बमोजिम अनुमति, स्वीकृती वा इजाजत लिनुपर्ने भएमा लिएर मात्र सञ्चालन गर्नु पर्ने,
३. विशिष्टीकृत सहकारी संघ गठन गर्दा स्व-रोजगारी तथा मूल्य श्रृङ्खलामा योगदान पुऱ्याउने गरी वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यविशेषका आधारमा समेत गठन गर्न सकिनेछ ।



## ञ. सहकारी बैंकको गठन (Formation of Co-operative Bank)

संस्था वा संघको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा संघलाई ऋण प्रवाह गर्ने वा बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा संघ आपसमा मिली नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई सहकारी बैंकहरू गठन गर्न सकिने व्यवस्था सहकारी ऐनको दफा १२ मा व्यवस्था गरिएको छ ।साथै नियमावलीको नियम ५ अनुसार सहकारी बैंक गठन गर्दा सबै प्रदेशको प्रतिनिधित्वहुने गरी कम्तिमा पाँचसय एकवटा संस्था वा संघहरू आपसमा मिली सहकारी बैंकको गठन गर्न सकिने व्यवस्था रहेकोछ । यसरी गठन हुने सहकारी बैंकको सेयर पुंजी नेपाल राष्ट्र बैंकले तोकेदिए बमोजिम हुनेछ र सहकारी बैंक गठन गर्दा देहायका सर्तहरू पूरा गर्नुपर्ने छः

१. आवेदक संस्था वा संघको संयुक्त पुंजी कम्तिमा तीन अर्व हुनुपर्ने छ,
२. आवेदक संस्था वा संघको संयुक्त संस्थागत पुंजी कम्तिमा पचास करोड हुनुपर्ने छ,
३. आवेदक संस्था वा संघ विगत तीन वर्षदेखि निरन्तर नाफामा सञ्चालन हुनुपर्ने छ,
४. सहकारी बैंक गठन गर्दा राष्ट्रिय सहकारी महासंघको सिफारिस आवश्यक पर्नेछ ।

सहकारी बैंक दर्ता गर्दा सहकारी नियमावली २०७५को अनुसूची-१० को ढाँचामा नियमअनुसार न्यूनतम सङ्ख्या पुग्ने आवेदक संस्था वा सङ्घको सदस्य सङ्ख्या, सेयर पुंजी, संस्थागत पुंजी र वित्तीय अवस्था खुल्ने विवरणहरू निवेदनका साथ संलग्न गर्नुपर्ने छ ।

### सहकारी बैंकको पुंजी (Capital of Co-operative Bank)

सहकारी बैंकको पुंजी साधारण सेयरले मात्र बनेको हुनुपर्ने छ र यसको न्यूनतम पुंजी नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ । सहकारी बैंकले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई साधारण सभाबाट प्रस्ताव पारित गरी आफ्नो पुंजी वृद्धि गर्न सक्नेछ । साथै सहकारी बैंकले नेपाल राष्ट्र बैंकले समय समयमा दिएको निर्देशन बमोजिम आफ्नो पुंजी वृद्धि गर्नुपर्ने छ ।

## सहकारी बैंकको कार्य (Funcation of Co-operative Bank)

सहकारी बैंकले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा अन्य प्रचलित कानुनको अधीनमा रही देहाय बमोजिमका कार्य गर्न सक्नेछः

१. संस्था वा संघलाई कृषि, उद्योग, सेवा, व्यापार, उर्जा, पर्यटन लगायतका कार्यका लागि स्थिर तथा चालु पुंजीको रूपमा तोकिए बमोजिमको अनुपातमा कर्जा प्रदान गर्ने,

२. सदस्यबाट बचत स्वीकार गर्ने तथा त्यस्तो बचत भुक्तानी दिने,

३. सहकारी क्षेत्रको विकास र प्रवर्द्धनको लागि सदस्य केन्द्रित भई सहकारी संघ, तथा संस्थामा लगानी गर्ने,

४. सदस्य संस्था वा संघहरूको तर्फबाट जमानत जारी गर्न, त्यस्तो जमानत पत्र बापत सुरक्षण वा चल अचल सम्पत्ति धितो बन्धक लिन वा तेस्रो पक्षको सहमतिमा जेथा जमानत लिने,

५. आवश्यकता अनुसार संस्थागत कर्जा लिने,

६. कर्जा, ऋणपत्र आदिको ब्याज असलु गर्ने,

७. आफूले प्रदान गरेको कर्जाको सदुपयोग भए नभएको सम्बन्धमा निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्ने,

८. नेपाल सरकारले जारी गरेका ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद बिक्री गर्ने,

९. संस्था वा संघ र सोसँग आवद्ध सदस्य बीच सूचना आदान प्रदान गर्ने,

१०. विद्युतीय उपकरण वा साधनको माध्यमबाट बचत लिन, भुक्तानी दिन, रकमान्तर गर्ने,

११. आवश्यकता अनुसार ऋण वा पुनः ऋण लिने वा दिने,

१२. परियोजना प्रवर्द्धनका लागि सहकारी सम्बन्धी अन्तराष्ट्रिय मान्यता प्राप्त सङ्गठन, दातृ निकाय, बैंक लगायतबाट प्राप्त भएको रकम विकास, वित्त वा कर्जाको रूपमा प्रवाह गर्न वा त्यस्तो स्रोतको व्यवस्थापन गर्ने,

१३. परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सुपरीवेक्षण गर्ने,

१४. नेपाल राष्ट्र बैंकको इजाजतपत्र लिई अन्य बैंकिङ कारोबार गर्ने ।



सहकारी बैंकले आफ्नो सेयरको धितो वा जमानतमा ऋण प्रवाह गर्न सक्ने छैन । साथै सहकारी बैंकले प्रारम्भिक खर्च, अघिल्लो वर्षमा भएको नोक्सानी, पुंजी कोष, जोखिम व्यहोर्ने कोष र जगेडा कोष पूर्ति नगरेसम्म लाभांश घोषणा गर्न वा वितरण गर्न नपाइने व्यवस्था गरेकोछ । सहकारी बैंकले यस ऐन बमोजिम गर्न पाउने काम कारवाही र आफ्नो प्रयोगको लागि आवश्यक पर्ने मालसामान वा अचल सम्पत्ति बाहेक व्यापार गर्ने उद्देश्यले मालसामान वा अचल सम्पत्ति खरिद गर्न नपाइने व्यवस्था गरेकोछ । सहकारी बैंकले आफ्नो कारोबारको वास्तविक स्थिति देखिने गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत ढाँचामा स्रेस्ताहरू राख्नु पर्नेछ ।

नेपाल राष्ट्र बैंकले देहायको कुनै अवस्थामा विभागलाई जानकारी दिई सहकारी बैंकको समितिलाई निलम्बन गरी त्यस्तो बैंकको व्यवस्थापन आफैंले वा अन्य कुनै निकायद्वारा गर्न गराउन सक्ने छः

१. सहकारी बैंकको लेखापरीक्षण प्रतिवेदन वा सो बैंकको निरीक्षण प्रतिवेदनका आधारमा नेपाल राष्ट्र बैंकबाट समय समयमा दिइएको निर्देशनको पालना नगरेमा,

२. सदस्यको हित विपरीत कुनै कार्य गरी सदस्यलाई हानि नोक्सानी पुऱ्याएमा,

३. सहकारी बैंकको सञ्चालन दक्षतापूर्वक र प्रभावकारी रूपमा नगरी सो बैंकलाई हानि नोक्सानी पुऱ्याएमा ।

सहकारी बैंकको सञ्चालक समिति निलम्बन गर्नु अघि सहकारी बैंकलाई सफाई पेश गर्न कम्तिमा सात दिनको मौका प्रदान गर्नुपर्ने छ । सफाईको मौका दिंदा सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नदेखिएमा नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंकको समितिलाई निलम्बन गरी उक्त बैंकको व्यवस्थापन आफैंले गर्न वा अन्य कुनै निकाय मार्फत गर्न वा गराउन सक्नेछ । नेपाल राष्ट्र बैंकले सहकारी बैंकको व्यवस्थापन आफैंले गर्दा वा गराउँदा विभागको प्रतिनिधिलाई समेत सहभागी गराउनु पर्नेछ ।

## दर्ता खारेजी (Registration Revoked)

सहकारी बैंकले तिर्नु पर्ने ऋण तथा बाह्य दायित्व भुक्तानी गर्न नसक्ने देखिएमा त्यस्तो बैंकलाई खारेज गर्नका लागि नेपाल राष्ट्र बैंकले रजिष्ट्रारलाई परामर्श दिन सक्नेछ तर परामर्श दिनु अघि नेपाल राष्ट्र बैंकले

त्यस्तो सहकारी बैंकलाई कम्तिमा पन्ध्र दिनको सफाईको मौका दिनुपर्ने छ । यदि दर्ता खारेज गर्न परामर्श प्राप्त भएमा रजिष्ट्रारले दर्ता खारेज गरी लिक्विडेटर नियुक्त गर्नुपर्ने छ ।

**ट. अन्तर्राष्ट्रिय तहको सहकारी संघ (International Co-operative Alliance)**

अन्तर्राष्ट्रिय सहकारी संघ संसारभरका सहकारीहरू मिलेर बनेको हुन्छ । यसमा सबै देशका केन्द्रीय तथा राष्ट्रिय संघले सदस्यता प्राप्त गर्दछन् । यसले सहकारी उत्थानको लागि अन्तर्राष्ट्रिय स्तरमा सभा गोष्ठी आदि आयोजना गरी सहकारीहरूको विकासमा मद्दत पुऱ्याइरहेको हुन्छ ।

## सहकारी दर्ता

## Registerion of Co-operative

सहकारी संस्था दर्ता गर्नका लागि विभिन्न चरणहरू पार गर्नु पर्छ । सहकारी विभागद्वारा प्रकाशित सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४ मा उल्लेख भए अनुसार सहकारी दर्ता प्रक्रियाका चरणहरू निम्नअनुसार रहेका छन् ।

**सहकारीको दर्ता गर्नु भन्दा पहिला सहकारिताको परीक्षण (Test before Registering a Co-operative)**

सहकारी संस्था दर्ता गर्ने बेला दर्ता गर्ने अधिकारीको सबैभन्दा महत्त्वपूर्ण जिम्मेवारी भनेको सहकारीपनको सुनिश्चितता गर्नु हो । सहकारी संस्था सहकारी संस्थाजस्तै होस् भन्नका लागि दर्ता गर्ने अधिकारीले निम्न अनुसारका पाँचवटा पूर्व-सर्तहरू पूरा भएको निश्चित गर्नु पर्छ:

क. गैरमध्यस्थ सदस्यताको सर्त

ख. सेवा उपयोगको सर्त

ग. सदस्य केन्द्रीयताको सर्त

घ. नाफामा असहभागिताको सर्त

ङ. सहभागितामूलक लोकतन्त्रको सर्त ।

संक्षेपमा स्थानीय तह र प्रदेश सरकारले सहकारी नियमनका लागि सहकारी ऐनको मर्म अनुसार ऐन बनाएर वा सहकारी ऐन, २०७४ अनुसार निर्णय गरेर कानूनी व्यवस्था गर्न सक्नेछन् । यी माथि उल्लेखित सर्तहरू पूरा हुने नदेखिएमा दर्ता गर्ने अधिकारीले सो सर्तहरू पूरा गर्नेगरी संस्थाको विनियममा सुधार गरेर मात्र संस्था दर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ ।



**सहकारी दर्ता गर्ने विषय वा सहकारीको क्षेत्र ( Subject of Registration of Co-operative or Area of Co-operative)**

सहकारी संस्था गठन गर्नुपूर्व सहकारीको किसिमको बारेमा विचार गर्नुपर्ने हुन्छ । सहकारी संस्थाको मूल वर्गीकरण भनेको उत्पादक, श्रमिक र उपभोक्ता नै हो । सहकारी संस्थाहरूलाई यी तीनवटै आयाम अन्तर्गत पर्नेगरि विषयहरू छुट्ट्याउन सकिन्छ । जस्तै: उत्पादक संस्थाहरूमा भेडाबाखा कृषक सहकारी, फलफूल कृषक सहकारी, माछापालन कृषक सहकारी जस्ता विषय केन्द्रित उत्पादक सहकारी हुन सक्छन् । उपभोक्ता संस्थाहरूमा बिजुली, बचत-ऋण सेवा, स्वास्थ्य सेवा लगायतका किसिमहरू छुट्टिन सक्छन् । त्यसै गरी औद्योगिक उत्पादन, हस्तकला, श्रम सहकारिता पनि विभिन्न विषयमा विकसित हुन सक्छन् । उत्पादक, श्रमिक वा उपभोक्ता एकैथरी सदस्य हुने संस्थालाई विषयगत भनिन्छ । उदाहरणका लागि सदस्यहरू सबै चिया खेती गर्ने भए संस्था चियाको विषयगत हुन्छ र सेवाहरू चियामा केन्द्रित हुन्छन् । विषयगत सहकारी संस्थाहरू (Specialized Co-operatives) वस्तु-विशेषका (Commodity-Specific) वा कार्य-विशेषका (Function-Specific) हुन सक्तछन् । कृषि सहकारी संस्था कार्य-विशेषको हो भने कफी सहकारी संस्था वस्तु-विशेष हो।

खास गरी ग्रामीण समुदायमा खेतीपाती गर्ने, श्रम गर्ने र उपभोग गर्ने तीनैथरी परिवारहरू सँगै बस्दछन्। समुदायका सबै जना सबैका आवश्यकताहरू पूरा गर्ने र साझा आकाङ्क्षाहरू हासिल गर्ने गरी सहकारी ढाँचामा सङ्गठित हुँदा अझ राम्रो हुन्छ । वास्तवमा सहकारी विचारको प्रारम्भ नै समुदाय बनाउने चिन्तनबाट भएको हो। तीनैथरी आर्थिक प्रकृति भएका समुदायका व्यक्तिहरूको सङ्गठन विषयगत नभएर बहुउद्देश्यीय (Multipurpose) हुन्छ र सदस्यहरूको आर्थिक प्रकृति अनुसारका उत्पादन, उपभोग र स्व-रोजगारीका कार्यहरूमा केन्द्रित हुन्छ ।

उपर्युक्त सबै मापदण्डहरूका आधारमा प्रारम्भिक सहकारी संस्था बहुउद्देश्यीय वा देहायका विषयका विषयगत रूपमा दर्ता गर्न सकिने व्यवस्था सहकारी ऐनमा गरिएको छ ।

**क. उत्पादक संस्था (Manufacturing Organization)**

कृषि, दुग्ध, चिया, कफी, उखु, फलफूल र माछापालन-विशेषका विषयगत र अदुवा बाली एवम् उत्पादनको योजनासमेतका आधारमा अन्य उत्पादनमूलक संस्थाहरू यस वर्गमा पर्छन् ।

**ख. उपभोक्ता संस्था (Consumer Organization)**

उपभोक्ता भण्डार, बचत तथा ऋण, उर्जा र स्वास्थ्य-विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था हरू यस वर्गमा पर्छन् ।

**ग. श्रमिक संस्था (Labor Organization)**

हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार-विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्व-रोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्थाहरू यस वर्गमा पर्छन् र

**घ. बहुउद्देश्यीय संस्था (Multipurpose Organization)**

उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्व-रोजगारीका सेवासमेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्थाहरू यस वर्गमा पर्छन् । सहकारी संस्था गठन गर्नु पूर्व सहकारी दर्ता गर्न चाहाने समूह वा व्यक्तिहरूले

## सहकारी संस्था गठन पूर्वतयारी
## Preparation for Formation of Co-operative Organization

आपसी सरसल्लाह, पूर्व परामर्श तथा पूर्व सहकारी शिक्षाको बारेमा आवश्यक ज्ञान लिनु आवश्यक पर्छ जसलाई विस्तृत रूपमा यस प्रकार व्याख्या गर्न सकिन्छ ।

**क. आपसी सरसल्लाह (Mutual Consultation)**

वैचारिक स्तरमा संस्थाको उपादेयताको प्रारम्भिक लेखाजोखा नै आपसी सरसल्लाह हो । "आपसी" भनेपछि जसका लागि संस्था चाहिएको हो उनीहरू बीचको भन्ने त प्रस्टै भयो, उनीहरूभन्दा परका कसैको अथवा उनीहरू मध्येकै टाठाबाठा मात्रको प्रभावविनाको भन्ने पनि बोध हुन्छ । पहिलो दिनदेखि नै स्वैच्छिक सदस्यताको भावनाबाट काम भएमा नै स्वामित्व सुनिश्चित हुने हो । आपसी सरसल्लाह दुई-चार दिन वा अझ दुई-चार महिना नै चल्न सक्तछ । जसको दौरान भावी सदस्यहरूले घर-घरै, साथी-साथीबीच वा समूह-समूहमा सहकारिता के हो, किन राम्रो हो र आफूलाई चाहिएको हो वा होइन भन्ने खालका आधारभूत प्रश्नहरूको उत्तर प्राप्त गर्न सक्तछन् ।



**ख. पूर्व-परामर्श (Pre-Consultation)**

आपसी सरसल्लाहका क्रममा पैदा भएका अनेक जिज्ञासाहरूको समाधानविना संस्था गठन गर्नु बुद्धिमानी होइन। सिद्धान्ततः त्यसो गर्दा अनिच्छिन्न सहभागिता नहुन सक्छ । व्यवहारतः पनि भन्नेबित्तिकै गठन भएका संस्थाहरूमा सदस्यको निष्क्रियता देखिएको छ । पहिला सुविधा गुम्ला कि भनेर सदस्य बनिहाल्ने तर पछि आफ्नै प्रयासबाट गर्नुपर्ने थाहा हुँदा व्यर्थ लाग्ने हुन्छ । अतः आपसी सरसल्लाहकै दौरानमा दर्ता गर्ने अधिकारीसँग यथाशक्य पूर्व-परामर्श गरेर वास्तविक सहकारीको अभ्यास एवम् सम्भावनाका सम्बन्धमा प्रष्ट हुनु आवश्यक छ ।

**ग. पूर्व-सहकारी शिक्षा (Pre- Co-operative Education)**

सहकारितामा राजनीतिक तटस्थता हुनुपर्छ । सहकारी संस्थाको सेयर किन्नु भनेको कम्पनीको सेयर किनेजस्तो होइन । सदस्यहरूले यसलाई बचत बैंकको रूपमा नसम्झेर सक्रिय रूपमा सञ्चालकीय जिम्मा लिने गरी मात्र सहकारी संस्था दर्ता गर्नुपर्छ । सर्वसाधारण सदस्यले सम्बन्धित निकायले हेरेको होला भन्ने अनि सम्बन्धित निकायले सदस्यहरूले हेरेकै होलान् भन्ने सहकारी संस्थाको दुरूपयोग गर्ने ठाम यहिनेर मिलिरहेको हुन्छ । नियामक निकायको पनि सक्रिय रेखदेख आवश्यक छ तर यो सदस्यहरूको लोकतान्त्रिक नियन्त्रणको विकल्प कहिल्यै हुन सक्तैन।

खासगरी विनियम तर्जुमा सँगसंगै सहकारी शिक्षा अभिमुखीकरण सञ्चालन गर्नु पर्छ । यसले सदस्यहरूमा जागरूकता पैदा गरी भ्रमहरूलाई हटाउने हुनाले भविष्यमा संस्था चलाउन सजिलो हुन्छ । सहकारिता के, किन, कसलाई, भन्ने नबुझेर साधारण सदस्यहरू मात्र होइन दर्ता गर्न दबाब दिने हर्ताकर्ता सञ्चालकहरू स्वयम् समस्यामा परेका मनग्गे दृष्टान्तहरू छन् । अतः दर्ता गर्ने अधिकारीले दरखास्तवालाहरू प्रत्येकले कम्तिमा एक दिनको पूर्व-सहकारी कक्षा पाएको हुनुपर्ने, त्यसपछि मात्र विनियम तथा व्यावसायिक कार्ययोजना बनाएको हुनुपर्ने र त्यसपछि नितान्त लोकतान्त्रिक ढङ्गले तदर्थ सञ्चालक समितिका अध्यक्ष लगायत चुनेको हुनुपर्ने सर्तहरू राखि संस्था दर्ता गर्दा राम्रो हुन्छ ।

## सहकारी संस्थाको दर्ता प्रक्रिया
## Registration Process of Co-operative

सहकारी संस्था दर्ता गर्नका लागि सहकारी विभागद्वारा प्रकासित सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४ मा उल्लेख भए अनुसार सहकारी दर्ता प्रक्रियाका चरणहरू निम्नअनुसार रहेका छन्:

**क. प्रथम प्रारम्भिक भेला (First Preliminary Meeting)**

प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरूको प्रारम्भिक भेला बोलाउनु पर्छ । भेलामा संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्यामा इच्छुक सबै व्यक्तिहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्छ । भेलामा उपस्थित व्यक्तिहरू मध्येबाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी देहायको कार्यसूचीमा विचार-विमर्श गरेर निर्णय लिनुपर्छ:

१. संस्था खोल्ने विषयमा,

२. संस्थाको नाम, ठेगाना सम्बन्धमा,

३. संस्थाका उद्देश्य र कार्यहरूको निर्धारण सम्बन्धमा,

४. संस्थाको कार्यक्षेत्र तय गर्ने सम्बन्धमा,

५. संस्थाको प्रतिसेयर रकम र सदस्य प्रवेश शुल्क निर्धारण सम्बन्धमा,

६. तदर्थ सञ्चालक समितिको गठन सम्बन्धमा,

७. विनियम मस्यौदा समिति गठन गर्ने सम्बन्धमा,

८. कार्ययोजना तर्जुमा समिति गठन गर्ने सम्बन्धमा,

९. आर्थिक तथा प्रशासनिक नियमावली मस्यौदा समिति गठन गर्ने सम्बन्धमा,

१०. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए बचत परिचालन निर्देशिका मस्यौदा समिति गठन गर्ने सम्बन्धमा,

११. सेयर पुँजी र सदस्य प्रवेश शुल्क बापत रकम उठाउने र उठेको रकम जिम्मा दिने सम्बन्धमा र

१२. संस्था स्थापनाका सिलसिलामा तय गर्नुपर्ने अन्य आवश्यक विषयहरूमा ।

सामान्यतया माथि उल्लेखित प्रस्तावहरूमा छलफल गरी व्यवस्थित रूपमा प्रारम्भिक भेलाको निर्णयहरू गर्नुपर्छ । आवश्यकता र विषय अनुसार कुनै प्रस्तावहरू थपघट पनि हुन सक्छन् । सदस्यहरूलाई सजिलोको लागि अनुसूची-४ मा प्रथम प्रारम्भिक भेलाको निर्णयको नमुना दिइएको छ ।



**ख. दोस्रो प्रारम्भिक भेला (Second Preliminary Meeting)**

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितिहरूले कार्य सम्पन्न गरेपछि त्यस बीचमा इच्छुक अन्य व्यक्तिहरू समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्या पुगेको उपस्थितिमा देहायको कार्यसूचीमा छलफल चलाएर निर्णय गर्नुपर्छ:

१. विनियमको मस्यौदा पारित गर्ने,

२. प्रस्तावित कार्ययोजना स्वीकृत गर्ने,

३. संस्था दर्ता गर्न तदर्थ सञ्चालक समितिका अध्यक्ष र अन्य दुईजना सम्मलाई अधिकार प्रत्यायोजन गर्ने,

४. संस्था दर्ता पश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैंकमा खाता खोली जम्मा गर्ने,

५. खाता सञ्चालन गर्ने व्यक्तिहरू तोक्ने,

६. स्व-घोषणा पत्रमा सहीछाप गर्ने,

७. आर्थिक तथा प्रशासनिक नियमावलीको मस्यौदा पारित गर्ने,

८. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए बचत परिचालन निर्देशिका पारित गर्ने र

९. संस्था स्थापनाका सिलसिलामा आवश्यक अन्य विषयहरू तय गर्ने ।

दोस्रो प्रारम्भिक भेलामा प्रायः गरेर पहिलो प्रारम्भिक भेलाले गरेका निर्णयहरू उपर छलफल र निर्णय गर्ने काम यस भेलाले गर्दछ । यस भेलाले सहकारीको विनियम, आर्थिक तथा प्रशासनिक नियमावली, बचत तथा ऋणको कारोबार गर्ने संस्था भए बचत परिचालन निर्देशिका, बैंक खाता सञ्चालन सम्बन्धमा र सहकारी दर्ता गर्नको लागि आवश्यक पर्ने अन्य कागजातहरू तयार गरी जिम्मेवारी समेत तोक्ने निर्णयहरू दोस्रो प्रारम्भिक भेलामा गरिन्छ । दोस्रो प्रारम्भिक भेलाका निर्णय लेख्ने नमुना अनुसूची-५ मा दिइएको छ ।

**ग. अधिकार प्रत्यायोजन (Delegation of Authority)**

प्रथम र दोस्रो प्रारम्भिक भेला भएपछि प्रस्तावित सहकारीको तर्फबाट सहकारी दर्ता गर्ने कार्यालयमा गई काम गर्नको लागि सम्पूर्ण

आवेदकहरूले दस्तखत गरी तदर्थ समितिका दुई वा तीनजना पदाधिकारीलाई आवश्यकता अनुसार विनियममा सामान्य परिवर्तन, प्रमाणीकरण र अन्य कार्यहरू गर्नको लागि भेलाले अधिकार प्रत्यायोजन सहितको पत्र तयार गर्नु पर्छ । अधिकार प्रत्यायोजननको पत्रको नमुना अनुसूची-६ मा दिइएको छ।

**घ. स्व-घोषणा पत्र (Self-Declaration )**

सहकारी संस्था दर्ता गर्ने समयमा प्रस्तावित सहकारीका आवेदकहरू र तदर्थ समितिका सञ्चालक सदस्यहरूले यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य नभएको, बैंक वा वित्तीय कसुरमा कालो सूचीमा नपरेको, यसअघि कुनै सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा नपरेको, सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय नपाएको र सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुन बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर भएको आदि व्यहोरा खुल्ने गरी सम्पूर्ण आवेदकहरूले स्व-घोषणा गर्नु पर्छ । दर्ताको समयमा दर्ता गर्ने अधिकारी समक्ष यो पत्र पनि पेश गर्नु पर्छ । स्व-घोषणा पत्रको नमुना अनुसूची-७ मा दिइएको छ ।

**ङ. भर्पाई गर्नु पर्ने (To be Reimbursed)**

सहकारी संस्था दर्ता गर्नु भन्दा अगावै प्रारम्भिक भेलाको निर्णय अनुसार आवेदकहरूले जम्मा गरेको सेयर वापतको रकम र प्रवेश शुल्क वापतको रकम सहकारीको नाममा बैंक खाता खोले पछि सो रकम खातामा जम्मा गरी बैंक भौचर सहित दर्ता गर्ने कार्यालयमा बुझाउने गरी तदर्थ समितिका अध्यक्ष वा कुनै पदाधिकारीले गरेको कबुलियत नामा नै भर्पाइ हो । यसमा खातामा रकम जम्मा नगर्दा सम्म सो रकम सुरक्षित तवरले राख्ने समेत कबोल गरिएको हुन्छ । दर्ताको समयमा दर्ता गर्ने अधिकारी समक्ष यो पत्र पनि पेश गर्नुपर्छ । भर्पाइको नमुना अनुसूची-८ मा दिइएको छ ।

**च. आवेदकहरूको विवरण फाराम (Form Fill up by Applicants)**

सहकारी दर्ता गर्ने समयमा सम्पूर्ण आवेदकहरूले आफ्नो नाम सहित तिन पुस्ते विवरण, आफ्नो उमेर, ठेगाना र पेसा, आफूले लिन मञ्जुर गरेको



सेयरको प्रति सेयर रकम, सेयरको सङ्ख्या र रकम सहित आफ्नो सम्पर्क नम्बर उल्लेख गरी औंठाको सहीछाप गरी फोटो टाँस्ने र सो फोटोमा पर्नेगरी दस्तखत गरी दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ । आवेदकहरूको विवरण फारामको नमुना अनुसूची-९ मा दिइएको छ ।

**छ. तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम (Details form of Ad Hoc Board Members)**

सहकारी संस्था दर्ता गर्ने समयमा तदर्थ सञ्चालक समितिका सम्पूर्ण सदस्यहरूले आफ्नो नाम सहित तिन पुस्ते विवरण, आफ्नो पद, ठेगाना र पेसा, आफू सो पदमा मनोनयन भएको मिति र सो पदमा बहाल रहने अवधि सहित आफ्नो सम्पर्क नम्बर उल्लेख गरी औंठाको सहीछाप गरी फोटो टाँस्ने र सो फोटोमा पर्नेगरी दस्तखत गरी दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ । तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फारामको नमुना अनुसूची-१० मा दिइएको छ ।

**ज. व्यावसायिक कार्ययोजनाको रूपरेखा (Business Plan Template)**

प्रस्तावित सहकारीको तर्फबाट आगामी तीन वा पाँच वर्षको व्यावसायिक कार्ययोजनाको रूपरेखा तयार गरी दर्ता गर्ने समयमा पेश गर्नु पर्छ । सो व्यावसायिक कार्ययोजनामा मुख्यतया संस्थाको नाम र ठेगाना, यसको उद्देश्य, मुख्य कार्यहरू, सदस्य विस्तारको लक्ष्य, सेवा विस्तारको लक्ष्य, समितिहरूको जिम्मेवारीको बाँडफाँड, पुँजी परिचालन, सहकारी गतिविधिको विस्तार आदि विषय वस्तु समावेश गरेर तयार गरिएको हुनु पर्छ । व्यावसायिक कार्ययोजनाको रूपरेखाको नमुना अनुसूची-११ मा दिइएको छ ।

**झ. सहकारीको विनियम (Bylaw of Co-operative)**

सहकारी सञ्चालनका मुख्य आधारहरूलाई समेट्ने गरी सहकारी विनियम बनाउनु पर्छ । सहकारीको विनियम मुख्य गरी संस्थाको नाम, ठेगाना, सञ्चालक, विभिन्न समिति, कर्मचारी, सेयर सदस्य, खुदनाफाको बाँडफाँड, बचत सङ्कलन, ऋण लगानी, साधारण सभा आदि लगायतका विषय वस्तुहरू समावेश गरी तयार गर्नुपर्छ । यो विनियम आउने प्रथम साधारण सभाबाट पारित गराउनु पर्छ र विनियममा कुनै कुरा थपघट गरी संशोधन गरिएमा

त्यसलाई पनि साधारण सभाबाट पारित गराएर मात्र लागु गर्नु पर्छ। विनियममा समावेश हुनुपर्ने सम्पूर्ण विषय वस्तुहरूको विवरण निम्न अनुसार दिइएको छः

१. संक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७. संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९. सदस्यताको लागि निवेदन र प्राप्ति
१०. सदस्यताको अन्त्य
११. सदस्यको निष्कासन
१२. सदस्यताबाट राजिनामा
१३. पुनः सदस्यता
१४. सदस्यको काम, कर्तव्य र अधिकार
१५. सदस्यता खुला रहने
१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने
१७. सेयर पुँजी
१८. सदस्य बन्न कम्तिमा एक सेयर खरिद गर्नुपर्ने
१९. थप सेयर खरिद गर्न सक्ने
२०. सेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृत्रिम छेकबार नलगाइने
२३. सेयर प्रमाण-पत्र
२४. सदस्यको दायित्व सीमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. वार्षिक साधारण सभा
२७. विशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तव्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू



३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था
३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरीवेक्षण समिति
३८.लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार
३९. समिति वा लेखा सुपरीवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था
४०. उपसमितिहरूको गठन
४१. प्रतिनिधित्व
४२. उत्तरदायित्व श्रृङ्खला
४३. अध्यक्षको काम, कर्तव्य र अधिकार
४४. व्यवस्थापकको नियुक्ति
४५. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४६. विशेष जिम्मेवारी
४७. कर्मचारीको नियुक्ति तथा सेवाका सर्त
४८. संस्थाको कोष
४९. कोषको सुरक्षा
५०. कोषको उपयोग
५१. खाता सञ्चालन
५२. बचतको वितरण
५३. जगेडा कोष
५४. संरक्षित पुँजी फिर्ता
५५. लाभांश वितरण नगरिने
५६. जगेडा कोषमा रकम सार्नुपर्ने
५७. बचत सङ्कलन गर्न सक्ने
५८. बचत सङ्कलनमा सीमा
५९. ऋण दिन सक्ने
६०. ऋण प्रवाहमा सीमा
६१. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने

६२. साधारण सभाको स्वीकृति लिनुपर्ने
६३. सदस्य केन्द्रीयता
६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
६५. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६६. जोखिम मूल्याङ्कन
६७. कारोबार नगरिने
६८. कारोबारको लेखा
६९. खाताबही
७०. आन्तरिक हिसाब जाँच
७१. वार्षिक हिसाब जाँच
७२. विद्युतीय लेखा प्रणालीको प्रयोग
७३. अन्य आधारभूत कागजात
७४. एकीकृत सूचना प्रणालीमा आबद्धता
७५. दर्ता गर्ने अधिकारीसमक्ष प्रतिवेदन
७६. वित्तीय जानकारी एकाइमा प्रतिवेदन
७७. साधारण सभामा जानकारी गराउनुपर्ने
७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा
७९. सूचनाको संरक्षण
८०. हकवालाको मनोनयन
८१. हक दाबी वा नामसारी
८२. निर्वाचन
८३. शपथ ग्रहण
८४. एकीकरण वा विभाजन
८५. कार्यान्वयन अधिकारी
८६. मध्यस्थता
८७. समानता र समता
८८. विनियम संशोधन
८९. साधारण सभाले कार्यविधि बनाउन सक्ने
९०. व्याख्या गर्ने अधिकार
९१. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने



**ञ. सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report)**

प्रस्तावित सहकारीले संस्था दर्ता गर्नु भन्दा पहिले सो संस्था कसरी सञ्चालन हुन सक्छ भन्ने आधार सहित एक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नु पर्छ । यसमा संस्थाको परिचय, संस्था गठन गर्नुपर्नाको कारण, सहभागिताको औचित्य, व्यावसायिक सम्भाव्यता, पुँजी आवश्यकता र स्रोत, बजार विश्लेषण, कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या, सेवा, जनशक्ति व्यवस्था, संस्थाको विकास र स्थायित्वका आधारहरू आदि विषय वस्तुहरू समावेश गरी सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नु पर्छ । यसलाई पनि संस्था दर्ता गर्ने समयमा संस्था दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ । सम्भाव्यता अध्ययन प्रतिवेदनको नमुना अनुसूची-१२ मा दिइएको छ।

**ट. संस्था दर्ताको दरखास्त (Application for Registration)**

प्रस्तावित सहकारी संस्थाको दर्ताको लागि आवश्यक पर्ने सम्पूर्ण कागजातहरू तयार भैसकेपछि सहकारी नियमावली २०७५ को अनुसूची-१ को ढाँचामा तदर्थ सञ्चालक समितिका अध्यक्षको तर्फबाट प्रस्तावित संस्थाको दुई प्रति सक्कलै विनियम लगायत दर्ता गर्ने अधिकारीले तोके बमोजिमका सम्पूर्ण कागजातहरू संलग्न राखेर दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्छ । संस्थाले नियमानुसार बुझाउनुपर्ने सबै विवरणहरू सहित बुझाएमा संस्था दर्ता हुन्छ र सहकारी नियमावली २०७५ अनुसारको सहकारी दर्ता दरखास्तको ढाँचा अनुसूची-१३ मा दिइएको छ ।

**संक्षेपमा सहकारी संघ संस्था दर्ता गर्दा आवश्यक पर्ने कागजातहरू**
**Formation of Co-operative Organization**

१. प्रथम र दोश्रो प्रारम्भिक भेलाका प्रमाणित प्रतिलिपिहरू १/१ प्रति
२. प्रस्तावित विनियमको प्रत्येक पृष्ठको शिर र पुछारमा तदर्थ सञ्चालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको २ प्रति सक्कलै विनियम
३. प्रस्तावित संस्थाको प्रमाणित २ प्रति व्यावसायिक कार्ययोजना
४. निर्धारित ढाँचाको आवेदकहरूको विवरण फाराम
५. निर्धारित ढाँचाको तदर्थ समितिका पदाधिकारीहरूको विवरण फारम
६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमुना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकार प्रत्ययोजन पत्र

७. प्रारम्भिक भेलाको निर्णय अनुसार सेयर र प्रवेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा बैंक खाता सञ्चालन भएमा जम्मा गर्ने गरी गरेको भर्पाई

८. प्रस्तावित संस्थाको संभाव्यता अध्ययनको प्रतिवेदन

९. आवेदकहरूको निर्धारित ढाँचामा हस्ताक्षर सहितको स्व-घोषणाको पत्र

१०. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको दर्ताको लागि निवेदन

११. आवेदक सदस्यहरूको नागरिकता प्रमाण पत्र र

१२. आवेदकहरूको सदस्य पहिचान फारम

## सहकारी संघ/संस्थाको एकीकरण सम्बन्धी व्यवस्था
## Amalgamation of Co-operatives

दुई वा सो भन्दा बढी सहकारी संस्थाहरूलाई एक बनाउने प्रक्रिया नै एकीकरण हो । सहकारी ऐन, २०७४ को दफा ८७ (१) अनुसार दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न सकिने व्यवस्था रहेको छ । सहकारी संस्थामा साङ्गठनिक गतिशीलता, व्यावसायिक क्षमता अभिबृद्धि, र समग्र संस्थागत प्रभावकारिता हासिल गर्न एकीकरण आवश्यक पर्छ । खासगरी टोलटोलमा स्थापना भएका साना वा ठूला सहकारी संस्थाहरू जसका कारणले हुने दोहोरो सदस्यता, फजुल सञ्चालन खर्च जस्ता नमिलेका विषयलाई समाधान गर्न मिल्दाजुल्दा संस्थाहरूलाई मिलाएर मजबुत सहकारी संस्था निर्माण गर्न एकीकरण जरूरी छ । सहकारी ऐनले खासगरी देहायका अवस्थामा मात्र एकीकरणको आवश्यकता पर्छ र त्यो प्रभावकारी सिद्ध हुन्छ भनिएको छः

१. कार्यक्षेत्र एक-अर्काको भित्रै पर्छ,

२. साझा बन्धन एकैनास छ,

३. संस्थाहरू एकै विषय वा प्रकृतिका छन्,

४. फरक विषय वा प्रकृतिका संस्था भए पनि खासमा एकै व्यावसायमा प्रतिस्पर्धा भइरहेको छ र

५. कम्तिमा एक-तिहाइ सदस्यतामा दोहोरो परेको देखिन्छ ।

सहकारी संस्थाको एकीकरण गर्दा मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेशको क्षेत्रभित्र पर्ने गरी गर्नुपर्ने छ भन्ने प्रावधान समावेश गरेको छ । साथै महिलामात्र सदस्य रहने संस्था महिलामात्र सदस्य रहने अर्को संस्थामा एकीकरण गर्न प्राथमिकता दिईएको छ । त्यसै गरी नियमावलीको नियम ७(१) र (२) मा तोकिएको मापदण्ड महानगरपालिका वा उपमहानगरपालिकाको हकमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्था, नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्था र गाउँपालिकाको हकमा प्रत्येक पाँचसय जनसङ्ख्यामा एउटा संस्था भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूले तीन वर्षभित्र नियम ३९ बमोजिम एकीकरण भइसक्नु पर्ने गरी एकीकरणको अर्को व्यवस्था गरिएको छ । साथै एकीकरण गर्ने संस्थामा सरकारी, वित्तीय निकाय वा दातृ निकायको ऋण, अनुदान वा अन्य सहयोग रकम वा सम्पत्ति रहेछ भने सम्बन्धित निकायको पूर्व-सहमति लिनु पर्ने व्यवस्था नियम ४१ मा गरिएको छ ।



सहकारी नियमावलीले संघहरूको समेत एकीकरण गर्न सकिने व्यवस्था गरेको छ । कतिपय संघहरू निष्क्रिय जस्तै र प्रयोजनहीन पनि देखिएको परिप्रेक्ष्यमा यो व्यवस्थाले संघहरूको सङ्ख्या घटाउने र सशक्त बनाउन खोजिएको छ । विषयगत कार्य मिल्ने गरी संघहरूको एकीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै नियमावलीले ऐनको दफा ४ र दफा ८ बमोजिम न्यूनतम सङ्ख्या र जिल्ला समावेश नभएका जिल्ला वा केन्द्रीय विषयगत वा बहुउद्देश्यीय सहकारी संघहरू नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र सम्बन्धित संघमा एकीकरण गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ (पुडासैनी, २०७६, असार) ।

## सहकारी संस्थाको विघटन तथा दर्ता खारेजी
## Dissolution and Revocation of Registration

सहकारी ऐन २०७४ को दफा ८८ मा कुनैपनि सहकारी संस्थाले विनियममा उल्लेखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा वा सदस्यको हित गर्न नसक्ने भएमा साधारण सभाको तत्काल कायम रहेको बहुमत सदस्यहरूको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतीका लागि समितिले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिन सक्ने व्यवस्था गरिएको छ । यसरी प्राप्त भएको निवेदन उपर छानविन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेजी गर्नसक्ने छन्ः

१. लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

२. सहकारी ऐन नियमावली विपरित कार्य गरेको पाइएमा,

३. यस ऐन वा नियमावली विपरित कार्य गरेको पाइएमा,

४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त विपरित कार्य गरेको पाइएमा ।

सहकारी संस्थाको दर्ता खारेजी गर्नु अघि रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारीले सुनुवाईको लागि संस्थालाई पन्ध्र दिनको समयावधि दिनुपर्नेछ । साथै संस्थाको दर्ता खारेजी भएमा संस्था विघटन भएको मानिनेछ । नेपाल सरकारले तोकेको सिमा भन्दा वढी रकम अनुदान प्राप्त गरेको संस्था वा संघको दर्ता खारेजी गर्नु अघि मन्त्रालयको स्वीकृती र सहकारी बैंकको दर्ता खारेजी गर्नु अघि नेपाल राष्ट्र बैंकको स्वीकृती लिनुपर्ने व्यवस्था गरिएको छ । यसरी दर्ता खारेज हुने संस्था, संघ वा बैंकको दर्ता प्रमाणपत्र पनि स्वत: रद्द भएको मानिने व्यवस्था गरिएको छ ।

ऐनको दफा ८८ अनुसार कुनै सहकारी संस्था दर्ता खारेज भएमा रजिष्ट्रार वा रजिष्ट्रार बाट अधिकार प्राप्त अधिकारीले लिक्विडेटरको नियुक्ति गर्नेछ । लिक्विडेटरको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने र निजको पारिश्रमिक नेपाल सरकारले व्यहोर्ने व्यवस्था गरिएको छ ।

## सहकारी संस्थाहरूको संघ गठनको प्रक्रिया
## Formation Process of Co-operative Associations

जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रीय विषयगत सहकारी संघ र राष्ट्रिय सहकारी महासंघ बन्ने प्रक्रिया निम्न अनुसार रहेको छ । यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताको लागि दफा ३ बमोजिमका संस्था, दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघ वा दफा ५ बमोजिमका जिल्ला सहकारी संघ भए रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी संघ, दफा ७ बमोजिमको प्रदेश सहकारी संघ, दफा ८ बमोजिमको केन्द्रीय विषयगत सहकारी संघ, दफा ९ बमोजिमको विशिष्टीकृत सहकारी संघ, दफा १० बमोजिमको राष्ट्रिय सहकारी महासंघ वा दफा १२ बमोजिमको सहकारी बैंक भए रजिष्ट्रार समक्ष तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनुपर्ने छ । रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष संस्था वा संघ दर्ता गर्नका लागि सहकारी नियमावली २०७५ को अनुसूची-१को ढाँचामा दरखास्त दिनुपर्ने छ । दरखास्तको साथमा निम्न बमोजिमका कागजातहरू संलग्न गर्नुपर्ने छ:

१. सहकारी संस्थाको प्रस्तावित विनियम,



२. सहकारी नियमावली २०७५ को अनुसूची-२ अनुसारको सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

३. सहकारी नियमावली २०७५ को अनुसूची-३ अनुसारको सदस्यले लिन स्वीकार गरेको सेयर रकमको विवरण ।

४. प्रारम्भिक भेलाका निर्णयहरू

५. सहकारी नियमावली २०७५ को अनुसूची-४ को ढाँचामा व्यावसायिक कार्ययोजन

६. सहकारी नियमावली २०७५ को अनुसूची-६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण

७. सहकारी नियमावली २०७५ को अनुसूची-८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र

८. सेयर पुंजी तथा प्रवेश शुल्कबापत सदस्यहरूबाट संकलित रकम बैंक वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुन बमोजिम "क" वर्गको ईजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरेको बैंक भौचर

९. सहकारी नियमावली २०७५ को अनुसूची-९ बमोजिम आवेदक संस्था वा संघको विवरण

१०. केन्द्रीय विषयगत सहकारी संघको हकमा राष्ट्रिय सहकारी महासंघको सिफारिस ।

## संस्था दर्ता तथा दर्ता प्रमाण - पत्र दिइने
## Registration and Issue of Certificate

सहकारी ऐनको दफा १४ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाण-पत्र दिनुपर्ने छ:

१. दरखास्त साथ पेश भएको विनियम सहकारी ऐन तथा नियम बमोजिम रहेको,

२. प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार देखिएमा,

३. सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पस्ट आधार भएमा, र

४. तोकिए बमोजिमका अन्य आधारहरू पूरा भएको ।

प्राप्त निवेदन उपर छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियम संशोधन नगरी दर्ता गर्न नमिल्ने देखिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सो विनियममा संशोधन गर्न पर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनुपर्ने छ र विनियम संशोधनको लागि सूचना दिएको तीस दिन भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ । दर्ता गर्न अस्वीकार गरेमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सो को लिखित कारण खुलाइ तीन दिन भित्र सोको जानकारी सम्बन्धित दरखास्त कर्तालाई दिनुपर्ने छ ।

## सहकारी संस्थाको कार्यक्षेत्र
## Working Area of Co-operative Organization

दर्ता हुंदाका बखत सञ्चालनमा रहेका सहकारी संस्थाहरूको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

क. बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा महानगरपालिका र उपमहानगरपालिका भए एक वडा,

ख. नगरपालिका वा गाउँपालिकामा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था र अन्य संस्थाको हकमा देहायका आधारमा तोकिए बमोजिम एक स्थानीय तहसम्मः

१. सदस्यहरूवीच स्वावलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बन्धन,

२. व्यावसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य सङ्ख्या,

३. संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

तर कुनै सहकारी संस्था दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको दुई वर्षपछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्नेछः

क. संस्थाको व्यावसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

ख. संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,



ग. महानगरपालिका र उपमहानगरपालिकाको हकमा एक वडामा वा नगरपालिका वा गाउँपालिकामा तोकिएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्था दर्ता भएको ।

साथै सदस्यको बसोबासको प्रकृति, पायक पर्ने स्थान, स्थानीय अवस्थिति र तोकिए बमोजिम विशेष व्यावसायिक आवश्यकताका आधारमा सहकारीको कार्यक्षेत्र विस्तार गर्न सकिनेछ । त्यसैगरी जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सञ्चार, विशेष कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यावसायिक क्षेत्र एवम् सदस्यहरूको सहभागिता बिस्तारका कारण प्रारम्भ मै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ता गर्दाका बखत नै तोकिएको आधारमा एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला वा एकभन्दा बढी प्रदेश कायम गर्न सकिनेछ ।

यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यविधि यसै ऐन अनुसार कायम भएको मानिनेछ तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक वर्ष भित्र देहायका विवरण खोली रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नुपर्ने छः

क. मौजुदा कार्य क्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

ख. मौजुदा कार्य क्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यावसायिक सेवा सञ्चालनको अवस्था, र

ग. तोकिए बमोजिमका अन्य विवरण।

सहकारी संस्थाहरूको सञ्चालन प्रतिवेदन पेश भएपछि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ समेत गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्य क्षेत्र पुनः निर्धारण गर्न निर्देशन दिन सक्नेछः

क. सदस्यता विस्तार नभएको वा तोकिएको सङ्ख्या भन्दा कम सदस्यता विस्तार भएको वा भौगोलिक निरन्तरता नभएको प्रदेश, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

ख. कुनै व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको प्रदेश, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

ग. संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यावसायिक कार्य कुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त प्रदेश, जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

घ. व्यावसायिक एवम् प्रबर्द्धनात्मक सेवाका लागि जिल्ला वा प्रदेश विषयगत संघ वा जिल्ला वा प्रदेश संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त प्रदेश, जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

सहकारी संस्थालाई एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनः निर्धारण गर्न रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिनसक्ने छ । सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनः निर्धारण नगरेमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले ऐनको अधीनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनः निर्धारण गर्नेछ । सो निर्णयमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनः निर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय भए रजिष्ट्रार समक्ष र रजिष्ट्रारले गरेको निर्णय भए मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिनसक्ने छ । पुनरावलोकनका लागि प्राप्त निवेदनमा रजिष्ट्रार वा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरिसक्नु पर्नेछ । तर अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण गर्न विनियम संशोधन गर्नसक्ने छ ।

## संघ तथा सहकारी बैंकको कार्यक्षेत्र
## Working Area of Association and Co-operative Bank

संघ तथा सहकारी बैंकहरूको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

क. जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघको हकमा एक जिल्ला,

ख. प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघको हकमा एक प्रदेश,


ग. केन्द्रीय विषयगत सहकारी संघ वा राष्ट्रिय सहकारी महासंघको हकमा नेपालभर,

घ. विशिष्टीकृत संघको हकमा त्यस्तो संघको प्रकृति हेरी वस्तु वा सेवाको सङ्कलन, वितरण वा प्रवाहको क्षेत्र अनुसार,

ङ. सहकारी बैंकहरूको हकमा नेपाल राष्ट्र बैंकबाट तोकिए बमोजिम ।



चित्रसूची ४: सहकारी संस्था तथा संघहरूको सङ्गठनात्मक स्वरूप




## अभ्यास (Exercise)

क. परियोजना कार्य (Project Work)

१. कुनै एक सहकारीको शैक्षिकभ्रमण गर्नुहोस् र सो संस्था सँग भएका विनियमहरू संकलन गरी अध्ययन गर्नुहोस् साथै संस्था दर्ता गर्दा कुन कुन विनियमहरू बनाउनुपर्छ छलफल गर्नुहोस् ।

२. तपाईंको स्थानीय स्तरमा कुनै एक सहकारी संस्था अर्को सहकारी संस्था सँग एकीकरण भएको छ भने सो एकीकरण हुँदा के कस्ता प्रक्रिया तथा चरणहरू पार गर्नुपर्ने रहेछ? स-विस्तार व्याख्या गर्नुहोस्।

३. तपाईंको नजिकमा रहेको कुनै एक सहकारी संघको कार्यालयमा जानुहोस र सो संघ गठन गर्दा कस्तो प्रक्रिया अपनाउनु पर्दो रहेछ र

सो संघमा कस्ता सहकारी संस्थाहरू सदस्य हुन पाउने व्यवस्था रहेछ सो समेत अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् ।

**ख. छोटा प्रश्नहरू (Short Questions)**

१. सहकारी संस्थाको विघटन तथा दर्ता खारेजीको प्रक्रियाको बारेमा उल्लेख गर्नुहोस् ।

२. सहकारी संस्था दर्ता गर्दा आवश्यक प्रक्रियाका बारेमा छोटकरीमा लेख्नुहोस् ।

३. नेपालमा सहकारी संस्थाहरूका संघहरूको प्रकारका बारेमा उल्लेख गर्नुहोस् ।

४. सहकारी बैंक भनेको कस्तो खालको बैंक हो ? यस बैंकको गठनको बारेमा लेख्नुहोस् ।

५. सहकारी ऐन २०७४ अनुसार संस्था वा संघको वर्गीकरण कसरी गरिएको छ लेख्नुहोस् ।

**ग. लामा प्रश्नहरू (Long Questions)**

१. सहकारी संस्था ऐन २०७४ लागु हुनुभन्दा अगाडी कार्यगरिरहेको क्षेत्र तथा यो ऐन लागु भए पश्चात सहकारी संस्थाहरूको कार्यक्षेत्र थपघट हुने प्रक्रियाका सम्वन्धमा ऐनमा कस्तो व्यवस्था रहेको छ व्याख्या गर्नुहोस् ।

२. नेपालमा सहकारी संस्थाहरूको संघहरू वन्ने प्रक्रिया तथा संघहरूका प्रकारका बारेमा उल्लेख गर्नुहोस्।

३. सहकारी संस्थाको दर्ता प्रक्रियाको बारेमा स-विस्तार व्याख्या गर्नुहोस् ।

४. सहकारी दर्ता गर्नका लागि आवश्यक पर्ने अनुसूचीहरूको सूची तयार गरी छोटकरीमा वर्णन गर्नुहोस् ।

५. सहकारी ऐन २०७४ लागु हुनुभन्दा अगाडि स्थापना भएका सहकारी संस्था तथा यो ऐन लागु भएपछि स्थापना भएका सहकारी संस्थाहरूको कार्यक्षेत्र निर्धारण कसरी हुन्छ ? व्याख्या गर्नुहोस् ।

६. सहकारी दर्ताको लागि बस्ने प्रथम भेलामा राखिने प्रस्तावहरूको बारेमा व्याख्या गर्नुहोस् ।

3

अध्याय

# सहकारीको व्यवस्थापन संरचना

## Management Structure of Co-operative

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारीका साधारण सभा र तिनका प्रकारहरूका बारेमा,*
- *सञ्चालक समिति, सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा सञ्चालकहरूलाई हटाउने व्यवस्थाका सम्बन्धमा,*
- *सञ्चालक समितिको विघटन र तदर्थ समितिको गठन प्रक्रियाका बारेमा,*
- *लेखा सुपरीवेक्षण समितिको गठन, समितिको काम, कर्तव्य र अधिकार तथा समितिका पदाधिकारीहरूको योग्यताका बारेमा,*
- *सहकारीमा सदस्यताको प्राप्ति, सदस्य हुन नपाउने अवस्था तथा सदस्यताको समाप्तिका बारेमा ।*